महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८१/८२

## भीमफेदी गाउँपालिका, मकवानपुर
८०३३२५०४३००
मकवानपुर


https://nams.oag.gov.np

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८२/८३ मिति : २०८२-९-४
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
भीमफेदी गाउँपालिका, मकवानपुर ,
मकवानपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को विनियोजन/राजस्व / धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी २०८२।०८।०९ को छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन पाना तेत्तीस (३३) यसैसाथ छ । कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो।लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखा उत्तरदायी अधिकृत। कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

मुकुन्द घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय सिंहदरबार, काठमाडौँ,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, हेटौडा,
मकवानपुर,
dtco.makwanpur@gmail.com
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती
प्रदेश, ptco.makwanpur@gmail.com

# परिचय

१ .

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भीमफेदी गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य,२५४.२४ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या २५५०० रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०५ देखि २०८२।०८।१० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** गाँउपालिकाको यस वर्ष जम्मा रु. १४८३४७५७०९.६७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११,८३,०४१।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | बापत | भौचर विवरण | रकम |
|---|---|---|---|
| १ | कर्मचारी दोहोरो भत्ता | २९६८५०२१२, ४१२९२०६, ४१२९१८४५, २९८१४१३९८, २९८१३८५१४, २९९५३५३०८, 98YJN18D103, २९९५९७२९३, २९६८२०२९३, २९७४५४५५८, ८३९४५८८५, १९९७४२६२०, २२२२१२००१३५२७५१४, २९७१२८४०७, २९७४५५०४५, २९८१२९१३८, २९७७४३६८५, ८९०६४५८७. २९७१८५८१४, २९८१३३९५४, २९८१३७६९५, २००५९७६६० र २९८१३३५१७ | ४३३१३५ |
| २ | पदाधिकारी सुविधा | ७२७७, ३००५२९७२३, २९९८७६४९७, ७२५१, २९९८२०२४५ र २९९६२ | २८८००० |
| ३ | बढी भुक्तानी | २९६८२०२९३ | २५५० |
| ४ | पारिश्रमिक कर | ८९३५४६३१, ८९५४३४७३, ८९५४७८६५, २९८१८१५३८, ८९७८३६१४, ८९५३८५८९, ८९५७३०४२ र ८९५४१५२३ | ८५६७८ |
| ५ | सवारी साधन भाडा | २९६८५६८०५ | ३६००० |
| ६ | उठन बाँकी कर | ७५७० | १२५०० |
| ७ | CTEVT अनुदान | ८९३९५५३५, ८९३९४६०९ र ८९३९७९२२ | २११४०३ |
| ८ | दिवा खाजा ६-८ | ५ वटा भौचर बाट दाखिला भएको | ५०३३५ |
| ९ | दिवा खाजा १-५ | ८९६३१९२२, ८९३९७१५९ र ३०२१६३३८७ | १०७८० |
| १० | प्रशिक्षक भत्ता | २९७१०३५४६, २२२२१२००१३५२७५१४ र २९६८८५६९२ | ६६३० |
| ११ | तलबमा बढी निकासा | ९००६८९६७ | २६२०८ |
| १२ | बढी भुक्तानी | 16734302, 296820293 र २९६२६५११३ | ९६२२ |
| १३ | वडा समितिको बैठक भत्ता | ३००४६८८२६, ७२७६, २९९५२५५४०, २९९४८६२०५, २९९५२५९३५ र २९७७४२६८५ | १०२०० |
| | | जम्मा | ११८३०४१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार मन्त्रीपरिषद्बाट २०७९।८।२० मा जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाले लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।

गाँउपालिकाले पेश गरेको आर्थिक कारोबारको एकीकृत विवरण निम्नानुसार रहेको छ।

## भीमफेदी गाउँपालिका

आर्थिक वर्ष २०८१।०८२

आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ती | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | २२६१८३९६२.२९ | चालु खर्च | | ३१५७४६०१९७.०४ |
| १. संचित कोष | २१२१६९९५५.०० | | १. पालिका तर्फ | १२७९६७५९२.२९ | |
| २. धरौटी | १४०१४००७.२९ | | २. संघीय सशर्त | १८४७११९६५.७५ | |
| ३. कार्यसंचालन कोष | ०.०० | | ३. संघीय विशेष | ०.०० | |
| ४. अन्य कोष | ०.०० | | ४. प्रदेश सशर्त | ४७०१४३९.०० | |
| यस वर्षको आय | | ६२८९०२९१८.३१ | ५. प्रदेश विशेष | ०.०० | |
| १. आन्तरिक आय | १२६४४४६०.४७ | | पुँजीगत खर्च | | २६३२५३४४३.९९ |
| २. वित्तीय हस्तान्तरण (संघ) | ४६७०१२३९५.०८ | | १. पालिका तर्फ | २३०४१३७२५.९९ | |
| क. समानीकरण अनुदान | ९१०२५९२०.०० | | २. संघीय सशर्त | १०१३२११२.०० | |
| ख. सशर्त अनुदान | २५७३०४५००.०० | | ३. संघीय विशेष | २८०१८१०.०० | |
| ग. समपुरक अनुदान | ४२१३८६७८.०० | | ४. संघीय समपुरक | ४२१३८६७८.०० | |
| घ. विशेष अनुदान | २८०१८१०.०० | | ५. प्रदेश सशर्त | ७४८०५६४.०० | |
| ङ. राजस्व बाँडफाँट | ८९०७८०२६.०० | | ६. प्रदेश विशेष | ९९०१७.०० | |
| च. रोयल्टी | २२५६३४६१.०८ | | ७. प्रदेश समपुरक | ८०८७५३७.०० | |
| छ. अन्य | ०.०० | | अन्तरसरकारी अख्तियारी (संघ) | | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | ७४६२३०३१.३८ | | क. सामाजिक सुरक्षा | १३६९७१७६.१८ | १३६९७१७६.१८ |
| क. समानीकरण अनुदान | ९५७२०००.०० | | अन्तरसरकारी अख्तियारी (प्रदेश) | ०.०० | ०.०० |
| ख. सशर्त अनुदान | २४३६५०००.०० | | ऋण फिर्ता (सावा) | ०.०० | ०.०० |
| ग. समपुरक अनुदान | १०११४३९५.०० | | ऋणको ब्याज भुक्तानी | ०.०० | ०.०० |
| घ. विशेष अनुदान | १६२५०००.०० | | धरौटी फिर्ता तथा सदर स्याहा | ९२१४७५.०० | ९२१४७५.०० |
| ङ. राजस्व बाँडफाँट | २८८६६६३६.३८ | | कार्यसंचालनकोषबाट भएको खर्च | ०.०० | ०.०० |
| च. रोयल्टी | ०.०० | | अन्य कोषबाट भएको खर्च | ०.०० | ०.०० |
| छ. अन्य | ०.०० | | अन्य खर्च भएमा | ०.०० | ०.०० |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | | अनुदान फिर्ता | | |
| क. सामाजिक सुरक्षा | १३६९७१७६.१८ | १३६९७१७६.१८ | १. संघ तर्फ | | ६२३८१२२२.२५ |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | क. सशर्त अनुदान | ६२३८१२२२.२५ | |
| क. | ०.०० | ०.०० | ख. विशेष अनुदान | ०.०० | |
| ६. ऋण/वित्तीय व्यवस्था | ०.०० | ०.०० | ग. समपुरक अनुदान | ०.०० | |
| ७. धरौटी आय | ९२१५७५.०० | ९२१५७५.०० | २. प्रदेश तर्फ | | १५८१५८३८.०० |
| ८. कार्यसंचालन कोष आय | ४२४६८८.३६ | ४२४६८८.३६ | क. सशर्त अनुदान | १२१८२९९७.०० | |
| ९. अन्य कोषको आय | ६००००००.०० | ६००००००.०० | ख. विशेष अनुदान | १५२५९८३.०० | |
| १०. गैर सरकारी संस्थाबाट संचालित योजना | ०.०० | ०.०० | ग. समपुरक अनुदान | २१०६८५८.०० | |
| ११. अन्य सहयोगमा प्राप्त संचालित योजना | ०.०० | ०.०० | अन्तिम मौज्दात | | २०२६००९६७.२० |
| १२. अन्य आय भएमा | ०.०० | ०.०० | १. संचित कोषको मौज्दात | १८४२७६००८.७४ | |
| | | | २. धरौटी | ११९००२७०.१० | |
| | | | ३. कार्यसंचालन कोष | ४२४६८८.३६ | |
| | | | ४. अन्य कोष | ६००००००.०० | |
| जम्मा | | ३५६९१३०१३० | जम्मा | | ३५६९१३०१३० |

म ले प फा नं २७० अनुसुचीमा संलग्न छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

### ३ दायित्व भुक्तानी

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु. (१४,७८,९६१.००) देखाएको छ। एकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १४,७८,९६१ |
|---|---|

### ४ घटी कट्टी

पालिकाको वित्तीय विवरण अनुसार यो बर्ष दहत्तर बहत्तर शुल्क बापत मूअकर समेत रु ६००२७२९।संकलन भएकोमा सो बापतको हुने मूअकर रु ६९०५७९। संघीय सञ्चित कोष राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा पालिकाले रु ६६३४०६।मात्र कट्टी गरेको छ ।उक्त कट्टी रकम समेत संङ्घीय सञ्चित कोष दाखिला नगरेको एवं घटी कट्टी गरेको रु २७१७३। दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | २७,१७३ |
|---|---|

### ५ बैक हिसाब मिलान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार श्रेस्ता अनुसार र बैक अनुसारको हिसाब विवरण देहाय बमोजिम रहेको छन्।

| खाताको विवरण | श्रेस्ता अनुसार बाँकी | बैक अनुसार बाँकी |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ०.०० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | (७२ , ८४ , ५९१.५८) | ०.०० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ८१, ०३ , २८४.५८ | ०.०० |
| ग २.७, विविध खर्च खाता | १९, ०८ , २८७.८९ | ०.०० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १, १९ , ०० , २७०.२९ | ११९००२७०.१० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १८, ४२ , ७६ , ००८.७४ | १९९७३७६१५.९९ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | (८ , २३ , ३३१.५३) | ३८०९९९.९८ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ०.०१ | ६००००००.०० |
| जम्मा | १९, ८० , ७९ , ९२८.४० | २१८०१८८८६ |

समग्रमा रु १९९३८९५८ श्रेस्ताभन्दा बैकमा बढी मौज्दात देखिएको सम्बन्धमा मौज्दात फरक पर्नुको कारण बिश्लेषण गरी हिसाब समायोजन गर्नुपर्दछ। साथै बागमती प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालयबाट तत्काल राहात स्वरुप रु १०,००,०००/-र संघीय सरकार मार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरवार, काठमाण्डौबाट प्राप्त रु ५०,००,०००/- स्थानीयतह प्रकोप व्यवस्थापन कोष खातामा रहेको रकम सुत्रमा आम्दानी जनाएको नदेखिँदा बैक मौज्दात र श्रेस्ता अनुसार फरक मौज्दात देखाएकोमा उक्त रकम सुत्रमा आम्दानी जनाउनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६ **अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले २०८२।३।२९ मा देहाय अनुसारको रकम खर्च नभई फिर्ता गरेको छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३५२२३२२३० | २८८७५१००७ | ६२३८१२२२ |
| प्रदेश सरकार | शसर्त | २४३६५००० | १२१८२००३ | १२१८२९९७ |
| | विषेश | १६२५००० | ९९०१७ | १५२५९८३ |
| | समपुरक | १०१९४३९५ | ८०८७५३७ | २१०६८५८ |

सैद्धान्तिक बेरुजु

७ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन

- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. रू १२ लाख २० हजार १९० खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू २३ लाख ९५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुढृड वनउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेश तथा अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने

व्यवस्था छ ।यस स्थानीय तहमा २०८१।३।१० गते रु.८४ करोड ७९ लाख ७७ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीयतहका प्रमुखले २०८१।०४।६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

९ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीयतहले विविध पूर्वाधार। अन्य निर्माण योजना शिर्षक उल्लेख गरी रु ५००००००। अबण्डा राखेको छ।बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **नीति तथा कार्यक्रम कार्यान्वयन**

पालिकाको २०८१।८२ को नीति तथा कार्यक्रममा कृषि सेवा केन्द्रमा मोटो परीक्षण प्रयोगशाला स्थापना गरी निशुल्क माटो परीक्षण सेवा प्रदान गरिने,कृषकहरुको कृषि तथा पशुपन्छी तथ्याङ्क प्रविष्ट तथा अद्यावधिक गरि वास्तविक तथ्याङ्क विवरण प्रकाशित गरी कृषकको वर्गीकरण गरिने,कृषियोग्य भूमिको प्रयोग बढाउन र बाँझो जमिनलाई उपयोगमा ल्याउन भूमि बैङ्क स्थापना गरिने, किसान कल सेन्टर सञ्चालनलाई प्रभावकारी बनाइने, प्रदेश सरकारसँगको सहकार्यमा स्प्रिङ्गल, मिनिरल वाटर र उद्योग र गुन्द्रुक उद्योग सञ्चालनमा ल्याइने, १० बर्षीय शैक्षिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइने, सबै वडा कार्यालयबाट सफ्टवेयर प्रणालीमार्फत राजस्व संकलन गर्ने व्यवस्था लागु गर्ने नीति लिइने उल्लेख भएकोमा उक्त नीति तथा कार्यक्रमलाई सम्बोधन गर्न बजेट तथा कार्यक्रममा समावेश गरेको छैन । नीति तथा कार्यक्रममा समावेश भएका विषयलाई बजेट तथा नीति कार्यक्रममार्फत कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था गरेको छ ।पालिकाले उक्त समिति निर्माण गरेतापनि समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कूल सीमा बजेटको क्षेत्रगत सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्रथमिकिकरण विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा उक्त कार्य सम्पादन गरेको छैन । नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम कार्यक्रमको प्राथमिकीकरण विषय क्षेत्रगत कार्यक्रम योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिन उक्त प्रावधानको पालना हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | कुल खर्चको तुलनामा खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९७९१८७२ | २०८८६१०० | ४. १३ |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक विकास | ३६८४९५६३५ | २४४५४३४३० | ४८.३९ |
| ३ | पूर्वाधार विकास | २०३३००००० | ७२२४०८२४ | १४.३० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११२५००४९१ | ९८२४८४८० | १९.४४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९६५००००० | ६९३७९८०४ | १३.७४ |
| कुल जम्मा | | ८४०५८७९९८ | ५०५२९८६४० | १०० |

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.१३ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४८.३९ प्रतिशत, पूर्वाधारतर्फ १४.३० प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ १९.४४ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च १३.७४ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.१३ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको १३.७४प्रतिशत गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्च देहाय बमोजिम रहेको देखिन्छ।

| पूँजीगत खर्च | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेसो त्रैमासिक | चौथो त्रैमासिक | असारको मात्र खर्च |
| | १९८५३८४४२ | ८०२५१९२७ | ३२७६३४३ | २७४७६११९ | ८७५३४०५४ | ७१८४४७७० |
| खर्च प्रतिशत | १०० | ४०.४२ | १.६५ | १३.८३ | ४४.०८ | ३६.१८ |

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम चौमासिकगतरुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ४४.०८ प्रतिशत गरेको छ । प्रथम चौमासिकमा पूँजीगत खर्च ४०.४२ प्रतिशत देखिएकोमा विगत बर्षको बेरुजुमा उल्लेखित शसर्त एवं अनुदान फिर्ता लगायतको रकम यस बर्ष पूँजीगत तर्फ विनियोजन गरी पहिलो चौमासिकमा फिर्ता गरेको कारणले उक्त खर्च प्रतिशत देखिएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप समयमै कार्य सम्पादन गरी वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.३९००००० ।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजना

अधिकांश सडक मर्मत तथा ग्याबिनको कार्यमा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष देहाय अनुसारका टुक्रे योजनामा रकम विनियोजित गरेको छ । उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत यस बर्ष विनियोजन भएको योजनाहरु देहायअनुसार छन्:

| सि.न. | विवरण | योजना संख्या | जम्मा रकम |
|---|---|---|---|
| १ | रु ५ लाखभन्दा कमका योजनाहरु | १७० | ६८८४९६४६ |
| २ | रु ५ लाख देखी २० लाख सम्मको योजनाहरु | ३३ | २९९०५४२७ |
| ३ | रु २० लाख भन्दा माथिका योजनाहरु | ३ | २६६४५२४५४ |
| जम्मा | | २०६ | ३६५२०७५२७ |

सैद्धान्तिक बेरुजु

१६ **आयोजना बैँक**

राष्ट्रिय योजना आयोगद्वारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमूखी वित्तीय र आर्थिकरुपमा संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागि आयोजना बैक स्थापना गर्न सुझाएको छ। पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सँभाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट र पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वियन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्र रहेका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ७ वटा सहकारीले विवरण दाखिला गरेपनि अन्य २५ वटा सहकारीले भने विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **विपद् व्यवस्थापन**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीयतहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले भिमफेदी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन,२०७५ जारी गरेको छ ।यो बर्ष समितिको बैठक बर्षमा २ पटक मात्र बसेको देखिन्छ।

**कार्य योजना**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## १९ तलबी प्रतिवेदन

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नपाउने उल्लेख छ। | पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु कार्यक्रम अन्तर्गत स्वास्थ्य तर्फ ३१ कर्मचारीको रु.२५२३९९६५। र पालिका तर्फका २६ कर्मचारीको रु १७९७२७२४। समेत रु. ४३२१२६८९। तलब भत्ता वापत खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २० कर्मचारी प्रोत्साहन भत्ता

पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको "कर्मचारी प्रोत्साहन कार्यविधि २०८१" मा गाउँपालिकाको कामको बोझ अत्याधिक वृद्धि भई कार्यरत कर्मचारीहरुले कार्यालय समय भन्दा बाहेक विहान, बेलुका तथा सार्वजनिक विदाको दिनमा समेत काममा खटिनुपर्ने भएकोले यसरी तोकिएको कार्यालय समय भन्दा बढी काममा काममा खटिने कर्मचारीहरुलाई मौद्रिक तथा गैर मौद्रिक पुरस्कार समेतको व्यवस्था गरी कार्यालयको काममा कर्मचारीलाई उत्प्रेरित हुने गरी समग्र गाउँपलिकाको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन प्रोत्साह भत्ता दिन सकिने व्यवस्था उल्लेख गरेको छ। पालिकाले कार्यसम्पादन मूल्याङ्कन बेगर प्रोत्साहन भत्ता बापत रु ३३५३९२८।,फिल्ड भत्ता बापत रु १५०९१९९ र कर्मचारी मर्मत तथा इन्धन सुविधा रु ८४६०००। समेत रु ५७०९१२७।खर्च गरेको छ।उक्त रकम बर्षको आन्तरिक आय रु १२६४४४६० को ४५.१५ प्रतिशत हुन आउँछ । यस किसिमको भुक्तानी खर्चमा पालिकाको आन्तरिक आयलाई विचार गरी सूचक सहितको कार्यम्पादन नतिजा मूल्याङ्कन गरी भुक्तानी गर्ने व्यवस्था अपनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## २१ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले पेश गरेको विवरण अनुसार गत वर्षको १ मुद्दा जिम्मेवारी सरेकोमा यो बर्ष ४ मुद्दा थप भई ४ मुद्दा फर्स्यौट भएकोमा १ मुद्दा बाँकी रहेको छ।पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २२ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा तत् सम्बन्धी नियमावली २०७७ बमोजिम तोकिएको अवधिमा जिन्सी निरीक्षण गरी प्रतिवेदन लिने, प्रतिवेदनले औंल्याएका कैफियतहरु समयमै सम्बोधन गर्ने व्यवस्था रहेको छ । यस बर्ष पालिकाले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेकोमा समग्र वडा कार्यालय एवं पालिका मातहतका स्वास्थ्य चौकीहरुको जिन्सी लगत समावेश गरेको छैन ।पालिका मातहतका सबै कार्यालयको जिन्सी निरिक्षण प्रतिवेदन नहुदा पालिकाको जिन्सी सम्पत्ती के कति र कुन अवस्थामा छ एकिन गर्न सकिएन । सार्वजनिक सम्पत्तिको यथोचित अभिलेख, संरक्षण तथा उपयोग हुने गरी जिन्सी व्यवस्थापन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार संन्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ राजश्व क्षमता खर्चको आधार र स्थानीय आबस्यकता समेत ध्यानमा राखि कर्मचारी व्यवस्थापन भएपछिमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ छ। प्राप्त विवरण अनुसार पालिका, ९ वटा वडा कार्यालय र कृषि तथा पशु सेवामा समेत ४३ स्वीकृत दरबन्दीमा २२ जना स्थायी ७ जना करारमा पदपूर्ती भएको छ भने १६ दरबन्दी रिक्त रहेको छ। स्वास्थ्य तर्फ ३२ स्वीकृत दरबन्दीमा ३० जना स्थायी पदपूर्ति गरेको छ।

सैद्धान्तिक बेरुजु

२४ **आन्तरिक लेखापरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ।साथै सोही दफाको उपदफा ४ मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षणको क्रममा औंल्याएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएको तथा पालिका तर्फको आन्तरिक लेखापरीक्षण त्रैमासिकरुपमा गरेको छ ।उक्त लेखापरीक्षणले औंल्याएका बेहोरा अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **आर्थिक कारोबारको लेखाङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना-३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन।स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **खरिद अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी सो फाइलमा उपदफा २ बमोजिमका कागजपत्र सिलसेलावार रुपमा राख्नुपर्ने उल्लेख

छ। कार्यालयले नियममा उल्लेख भए बमोजिमको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राखेको छैन । यसमा सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **कर संकलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको तिन वर्षको आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आर्थिक बर्ष | राजश्व अनुमान | राजश्व असुली | असुली प्रतिशत |
|---|---|---|---|
| २०८१।८२ | १४२४५००० | १२६४४४६० | ८८. ७६ |
| २०८०।८१ | २९३९६००० | १५१६०००० | ५१. ५७ |
| २०७९।८० | १८८७४८६०३ | १६५८२९९३४ | ८७. ८६ |

उपरोक्त विवरण अनुसार आ.व २०७९।८० मा ८७.८६ प्रतिशत तथा आ.व २०८०।८१ मा ५१.५७ प्रतिशत अनुमानित आयको राजश्व संकलन गरेकोमा यस वर्ष भने अनुमानको तुलनामा ८८.७६प्रतिशत आन्तरिक आय संकलन गरेको देखिन्छ।पालिकाले राजश्व अनुमान तथा प्रक्षेपण लाई विश्वश्नीय तथा बैज्ञानिक बनाउदै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्छ।

सैद्धान्तिक बेरुजु

२८ **शिर्षकगत आय**

पालिकाले पेश गरेको विवरण अनुसार यस बर्षको शिर्षकगत आम्दानीको लक्ष्य तथा प्रगतिको स्थिति देहाय अनुसार रहेको छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ७००००००.०० | ५८१६७३.०० | ८३.१० |
| २ | ११३१४ | भुमिकर/मालपोत | २००००००.०० | १०१९०५२.०० | ५०.९५ |
| ३ | ११३१७ | वहाल कर | ७००००००.०० | ५५७६३८.९२ | ७.६६ |
| ४ | ११३१८ | वहाल विटौरी कर | १०००००.०० | ५३६३६४.०० | ५३३.३६ |
| ५ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५०००००.०० | १७६१६९५.२० | ३५२.३४ |
| ६ | ११४७९ | अन्य मनोरञ्जन कर | २००००.०० | ०.०० | ०.०० |
| ७ | ११६९१ | अन्य कर | ०.०० | १९७५९१५.०६ | ०.०० |
| ८ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ४०००००.०० | ३९२०००.०० | ९८.०० |
| ९ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ०.०० | ०.०० | ०.०० |
| १० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १४००००००.०० | ५८५३००.०० | ४१.८१ |
| ११ | १४२४३ | सिफारिश दस्तुर | २५००००००.०० | १५१३६३३.०० | ६०.५५ |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००.०० | २९५२००.०० | ७३.८० |
| १३ | १४२४९ | अन्य दस्तुर | ०.०० | १७८७१६.८२ | ०.०० |
| १४ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२५०००.०० | १९०७००.०० | १५२.५६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | १४२६५ | अन्य क्षेत्रको आय | ५०००००००.०० | ४२२०००.४७ | ८.४४ |
| १६ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | ०.०० | ०.०० |
| १७ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००००.०० | २५७२५७२.०० | २५७२.५७ |
| १८ | १४५२९ | अन्य राजस्व | ०.०० | ०.०० | ०.०० |
| १९ | १४६११ | व्यवसाय कर | ३०००००.०० | ०.०० | ०.०० |
| २० | १५१११ | बेरूजू | ०.०० | ६२०००.०० | ०.०० |
| जम्मा | | | १४२४५०००.०० | १२६४४४६०.४७ | ८८.७६ |

समग्रमा लक्ष्यको तुलनामा ८८.७६ प्रतिशत प्रगति हासिल गरेको छ । पालिकाले आम्दानीको लागि नगदी रसिद ठेलीको प्रयोग गरेको छ जसबाट संकलित राजस्वको दैनिक गोश्वारा खाता, दैनिक नगद राजस्व आम्दानी खाता, राजस्व प्राप्तिको बैंक नगदी किताब (म.ले.प.फा.नं. हरू क्रमश १०५, १०६, १०८) आदिको प्रयोग गरी लेखाङ्कन गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । साथै वडाबाट संकलित राजस्व समयमा दाखिला नगरी २-३ महिनापश्चात् संकलन गरेको देखियो । तोकिएको ढाँचामा अभिलेख र राजस्व खाता तयार गर्ने एवं समयमा नै वडामा संकलित राजस्व दाखिला गर्नुपर्ने एवं महालेखा नियन्त्रक कार्यालयद्धारा जारी स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue portal) प्रयोग गरी राजस्व सङ्कलन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **व्यवसाय कर**

गाउँपालिकाको आर्थिक ऐन २०८१।८२ मा पालिका अन्तर्गत सञ्चालित व्यवसायको बार्षिक दर्ता र नवीकरण शुल्कको दर उल्लेख गरेको छ । पालिका अन्तर्गत सञ्चालनमा देहायका उद्योगबाट तोकिए बमोजिमको व्यावसाय कर उठाएको नदेखिँदा उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | क्रसर/उद्योगहरुको नाम | ठेगाना | नवीकरण दस्तुर |
|---|---|---|---|
| १. | पवित्र कंक्रिट उद्योग | भीमफेदी गाउँपालिका वडा नं. १ | ७५००० |
| २. | सगरमाथा रोडा उद्योग | भीमफेदी गाउँपालिका वडा नं. १ | ७५००० |
| जम्मा | | | १५०००० |

असुल गर्नुपर्ने | १,५०,०००

३० **नदीजन्य पदार्थको उत्खनन्**

गाउँ कार्यपालिकाको २०८१।१२।१३ निर्णयानुसार ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा भएको व्यवस्था अनुसार ठुला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी तथा वालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ उल्लेख गरेकोमा सोही अनुसार देहायका आयोजनालाई प्रति घनफिट रु ७.५० का दरले शुल्क लिई निर्माण सामाग्री सङ्कलन गर्न अनुमति दिएको देखिन्छ।

| क्र.स. | आयोजनाको नाम | सम्झौता अवधि | IEE अनुसार स्वीकृत परिमाण (घ.मी.) मा | स्वीकृत सम्झौता अनुसार परिमाण (घ.मी.) मा | नगदी रसिद अनुसार उत्खनन् (Cft.) मा | सम्झौता अनुसार रकम | दाखिला रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | माण्डु हाईड्रोपावर लि. | २०८१/१२/१४ देखि २०८२ बैशाख मसान्तसम्म | १६,७०४ | १०,४०० | ९३,५९५ (२६५३ घ.मी.) | ३६,४७,७७६/- | ३६,४७,७७६/- |
| २. | गौतमल्याण्ड कन्स्ट्रक्सन प्रा.लि. | २०८१/१२/२६ देखि २०८२ जेठ १० गतेसम्म | ३७,८०० | २५०००० Cft. (७०७९.१४ घ मी ) | २,४९,९५० (७०७७ घ.मी) | २१,१८,७५०/- | २१,१८,७५०/- |
| | जम्माः- | | | | | ५७,६६,५२६/- | ५७,६६,५२६/- |

माण्डु हाइड्रोपावरको लागि भिमफेदी वडा नं ८ मा र फास्ट ट्र्याक निर्माणको लागि गौतमल्याण्ड कन्स्ट्रक्सन प्रा.लि.सँग भएको सम्झौतमा उल्लेखित परिमाणको सीमामा नै रहेर उत्खनन् गरे ।नगरेको सम्बन्धमा प्राविधिक पुष्टाई नरहेको र नगदी रसिदको आधारमा जोडजम्मा गरेको छ।सीमाभित्र रही उत्खनन् गरेको सम्बन्धमा प्राविधिक पुष्टाँइ हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३१ मूल्य अभिबृद्धि कर

निहारिका विल्डर्स, हेटौडा-१८, मकवानपुर सँग आर्थिक बर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८२/८३ आषाढ मसान्तसम्मको लागि २५१४८७८। मूअकर समेत आय ठेक्का सम्झौता गरेकोमा यस बर्ष रु १७६१६९४। मूल्य अभिबृद्धि कर समेत संकलन भएकोमा उक्त संकलित रकममध्येको रु २०२६७२।मूल्य अभिबृद्धि कर संघीय सञ्चित कोष राजस्व शिर्षक नं ३३३१७ मा दाखिला गर्नुपर्नेमा पालिकाले सो रकम कट्टी गरेको नदेखिँदा उक्त मूल्य अभिबृद्धि कर बापतको रकम दाखिला गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | २,०२,६७२ |
|---|---|

## ३२ करको दायरा विस्तार

स्थानीय सरकार सञ्चाल२०७४ को दफा ६४ मा स्थानीय तहले सवारी कर तथा मनोरञ्जन कर तथा सोहि ऐनको दफा ५८ मा व्यवसाय कर पालिकाले आफ्नो कार्यक्षेत्रभित्र तोक्न तथा उठाउन पाउने व्यवस्था छ । पालिकाको कार्यक्षेत्रभित्र रहेका व्यवसायबाट के कति रकम प्राप्त गर्नुपर्ने हो सोको विवरण राखी पालिकाद्धारा जारी आर्थिक ऐन बमोजिम कर संकलन गर्नुपर्दछ ।उठ्न बाँकी रकम असुल गर्न तरताकेता गर्ने र निरन्तर अनुगमन गरी नगरपालिकाको आन्तरिक आयस्रोतको दायरा र परिमाणलाई बढोत्तरी गर्न यस्ता कर उठाउन उचित कदम चाल्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ३३ पूर्वाधार उपयोग सेवा शुल्क

गाउँपालिका ७ स्थित ईपा/कोगटे पौडी पोखरीको पूर्वाधार उपयोग सेवा शुल्क संकलन गर्ने कार्य गर्न निर्माण व्यवसायी निहारिका विल्डर्स, हेटौडा-१८, सँग सम्झौता गरेको छ। उक्त पूर्वाधार उपयोग बापत आर्थिक बर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८२/८३ आषाढ मसान्तसम्मको लागि रु २५१४८७८। मूअकर समेत गर्ने गरी २०८१/०५/२६ मा गाउँपालिकाबाट निर्णय भएकोमा २ बर्षसम्म ६ किस्तामा रकम बुझाउनुपर्ने उल्लेख छ । यस बर्ष तीन किस्ता उपलब्ध गराउनुपर्नेमा देहाय अनुसार दोस्रो र तेस्रो किस्ता ढिला गरी बुझाएकोमा जरिवाना असुल गरेको देखिएन। सम्झौताको शर्तभन्दा ढिला गरी शुल्क बुझाएकोमा सामान्य ब्याजदर १० प्रतिशतका हिसाबले ब्याज गणना गरी असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३८,८५९ |
|---|---|

## ३४ पदाधिकारी सुविधा

स्थानीयतहका पदाधिइकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को अनुसूची-१ र २बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।कार्यालयले यस बर्ष पदाधिकारी

सुविधापत रु. ७१४६०००। सुविधा भुक्तानी दिएको छ। यो बर्षको आन्तरिक आय रु १२६४४४६०। को तुलनामा ५६.५१ हुन आउँछ।

सैद्धान्तिक बेरुजु

३५ **सवारी साधन मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । गाउँपालिकाले मर्मत खर्च भुक्तानी गर्दा पालिकाको के कति सवारी साधनको कति पटक मर्मत गरेको हो सो को विवरण उल्लेख नगरी म.ले.प.फा.नं. ४१५ तयार नगरी रु.६१८६९०। खर्च लेखेको छ ।नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

३६ **इन्धन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले यो बर्ष इन्धनमा रु २६९०१८७। खर्च गरेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकामा ४ पाङ्ग्रे १ र २ पाङ्ग्रे १६ वटा सवारी साधन रहेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणालीबाट देखिन्छ । इन्धन खर्चलाई मितव्ययी बनाउन लगवुकको प्रयोग गर्ने तथा मापदण्डको सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा कार्यालय समेतको यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. ३६ लाख ५७ हजार खर्च गरेको छ । गत बर्ष विविधतर्फ रु ३१ लाख १९ हजार खर्च गरेको देखिन्छ । यो बर्ष गत बर्षको विविध खर्चको तुलनामा १७.२४ प्रतिशत बढोत्तरी भएको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सूचनाको हक कार्यान्वयन**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५, ६, ७ र नियमावली, २०६५ को नियम ३, ६, २४क र २४ग मा सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गर्नुपर्ने सूचना अधिकारी तोक्नुपर्ने तीन-तीन महिनमा विवरणहरु अद्यावधिक विवरण गरी प्रकाशन गर्नुपर्ने वेब साईट अद्यावधिक गर्नुपर्ने माग गरेको सूचना नियमानुसार उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ। पालिकाले योजना अधिकृत बद्री सापकोटालाई सूचना अधिकारीको रुपमा तोकेको पाईयो। सूचना अधिकारीको फोटो र सम्पर्क नं सहितको विवरण राखेको छैन। सूचना वर्गीकरण र अद्यावधिक गर्ने तर्फ ध्यान नदिएको पाईयो। कार्यालयको आफ्नै वेवसाईट रहेकोमा अद्यावधिक अवस्थामा रहेको छैन भने तीन-तीन महिनामा प्रकाशन गर्नुपर्ने स्वतः प्रकाशनको विवरण समेत प्रकाशन गरेको छैन।

सैद्धान्तिक बेरुजु

३९ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानि दिन आवश्यक विल भरपाई र कागजात

संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न उपभोक्ता समितिलाई खानेपानी तथा सिचाई नर्म्स अनुसार भुक्तानी गर्दा निम्न आइटमहरुमा निम्नानुसार दर फरक परेकोले बढी भुक्तानी भएको रु. ४९५६८। सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिका | | कार्य विवरण | नर्म्स अनुसार | भुक्तानी | फरक | कार्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्षको नाम | सचिवको नाम | | भुक्तानी हुनुपर्ने | दर | | परिमाण | |
| १७२-२० ८२।३।१८ | निम्तिखोला साना खेत हुदै ठुलोखेत तल्लो कुलो सिचाई आयोजना | दिनेश वाइवा | प्रकाश वाइवा | Stone soling work | २६७५ | २७९८ | १२३ | ६ | ७७७ |
| | | | | Pcc work 1:2:4 M15 | १०६०८ | ११३३८ | ७३० | १० | ७२०७ |
| | | | | Rubble stone masonary work | १०५५१ | १०७२७ | १७६ | १० | १७२३ |
| | | | | cement motar 1:5 | | | | | |
| | | | | जम्मा | | | ० | | ९७०७ |
| १७३-२० ८२।३।१८ | चमेली जरुवा धारा व्यवस्थापन उ.स | उत्तम कुमार लामिछाने | राजु आचार्य | Stone soling work | २६७५ | २७९८ | १२३ | १ | १४० |
| | | | | Pcc work 1:2:4 M15 | १०६०८ | ११३३८ | ७३० | १ | ८१८ |
| | | | | Rubble stone masonary work | १०५५१ | १०७२७ | १७६ | १२ | २१९१ |
| | | | | cement motar 1:5 | | | | | |
| | | | | जम्मा | | | ० | | ३१५० |
| ८-२०८२।३।२५ | कमलमत्ता खानेपानी योजना उ.स | राम बहादुर थिङ | विक्रम सिं थिङ | Stone soling work | २६७५ | २७९८ | १२३ | १ | १६९ |
| | | | | Pcc work 1:2:4 M15 | १०६०८ | ११३३८ | ७३० | ३ | २४३२ |
| | | | | Pcc work 1:1.5:6 M20 | १२६७२ | १५००८ | २३३६ | १४ | ३२२५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Rubble stone masonary work | १०५५१ | १०७२७ | १७६ | ११ | १८५३ |
| | | | | cement motar 1:5 | | | | | |
| | | | | जम्मा | | | ० | | ३६७११ |
| | | | | कुल जम्मा | | | ० | | ४९५६८ |

| असुल गर्नुपर्ने | ४९,५६८ |
|---|---|

४० **पाइप जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनै पनि सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्ने र नियम १४ बमोजिम स्वीकृत गरी कार्य गर्नुपर्ने उल्लेख छ। कार्यालयले गो.भौ.नम्बर २५०-२०८२।३।२५ बाट ५१४२ मिटर पाइप खरिद गरी पि.एस सप्लयर्सलाई रु.३,०५,२८०। भुक्तानी गरेको छ। खरिद भएका पाइप कार्यालयले वडा नम्बर २ मा १५०० मिटर पाइप, वडा नम्बर ४ मा १०६२ मिटर पाइप र वडा नम्बर ६ मा २५८० मिटर वितरण गरेको छ।लाभग्राही छनौटको आधार वेगर नै पाइप वितरण गरेको एवं वितरित पाइप जडान भएको देखिएन। वितरित पाइपको जडानसहितको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | ३,०५,२८० |
|---|---|

४१ **वृत चित्र निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम कुनै पनि सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रही लागत अनुमान तयार गर्ने र नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गरी कार्य गर्नुपर्ने उल्लेख छ।कार्यालयले वडा नम्बर २ को बजेट श्रव्य दृष्य निर्माण शीर्षकमा विनियोजन भएको रु.१,५०,०००। बाट लागत अनुमान तयारी तथा स्वीकृती बेगर न्यू क्रियटिभ मल्टिमिडिया प्रा.ली मार्फत कार्य गरी गोश्वारा भौचर नम्बर २२६-२०८३।३।२५ बाट रु.१,४९,५००। खर्च लेखेको छ। उक्त कार्यको लागि आवश्यक लागत अनुमान, लागत अनुमान स्वीकृत, सेवाका शर्त, वृत चित्रको सारमा समावेश गरिनुपर्ने आर्थिक, सामाजिक, साँस्कृतिक, पर्यटकिय सम्भावना एवम् पूर्वाधार लगायतका विषयहरु, समयावधि, पालिकामा बुझाउनुपर्ने सामाग्री प्रति लगायतका विषयहरु समावेश गरेर लागत अनुमान तयार गरेर मात्र खर्च लेख्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ बमोजिम एक आर्थिक वर्षमा गएको पेस्की सोही वर्षमा फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फस्र्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाइ असुल गर्ने व्यवस्था छ । देहाय बमोजिमको म्याद नाघेको पेश्की फस्र्यौट हुनुपर्ने रु.

| क्र सं | पेश्कीको विवरण | पेश्की लिनेको नाम | कर्मचारी भए पद | जम्मा पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | पालिका स्तरमा स्वास्थ्य संस्थाहरुको मासिक बैठक, स्वास्थ्य कार्यक्रमहरुको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार साथै अर्धबार्षिक एवं बार्षिक समिक्षा | रामनाम थिं तामङ | जन स्वास्थ्य निरीक्षक | १,२९,८४३.०० | |
| २ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | रामनाम थिं तामङ | जन स्वास्थ्य निरीक्षक | १,१३,५००.०० | |
| ३ | पशुपंछी रोग सम्बन्धी घुम्ती तालिम कार्यक्रम | बिमल ढुंगाना | पशु सेवा प्राविधिक | २,५०,०००.०० | |
| ४ | वडा कार्यालयहरुको मसलन्द तथा कार्यालय सामाग्री | कृष्ण बहादुर बस्नेत | अधिकृत छैठौं | ५०,०००.०० | ५०,०००.०० |
| ५ | निशुल्क कृत्रिम गर्भाधान कार्य निरन्तरता (AI कर्तालाई पारिश्रमिक) | बिमल ढुंगाना | पशु सेवा प्राविधिक | १,००,०००.०० | |
| ६ | वडा कार्यालयहरुको मसलन्द तथा कार्यालय सामाग्री | सरिना घिसिङ्ग | सहायक पाँचौ | ५०,०००.०० | ५०,०००.०० |
| ७ | बागमती प्रदेश समपुरक साझेदारी कार्यक्रम (पालिका तर्फ) १ करोड ५ लाख + १ करोड ५ लाख | गोले कन्स्ट्रक्शन | | १३,५४,०००.०० | |
| ८ | संघीय समपुरक/प्रदेश समपुरक योजनाहरुको लागत साझेदारी पालिका तर्फबाट | गोले कन्स्ट्रक्शन | | ६,४५,०००.०० | |
| ९ | घुमाउने-किसेडी-मच्छेबास सडक निर्माण भीमफेदी - १ | जे.ए.बि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | | ९,८१,५७३.०० | |
| १० | संघीय समपुरक/प्रदेश समपुरक योजनाहरुको लागत साझेदारी पालिका तर्फबाट | गोले कन्स्ट्रक्शन | | १७,००,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | कोगटे इपा बृहत सिँचाई | खिम्ती दहाल कन्स्ट्रक्शन | | १०,७५,०००.०० | |
| १२ | कोगटे इपा बृहत सिँचाई | खिम्ती दहाल कन्स्ट्रक्शन | | १४,२५,०००.०० | |
| १३ | ४ नं. वडा कार्यालय प्रशासकिय भवन निर्माण | खिम्ती दहाल कन्स्ट्रक्शन | | ३,८८,०००.०० | |
| १४ | ४ नं. वडा कार्यालय प्रशासकिय भवन निर्माण | लटरम्मेश्वर महादेब निर्माण सेवा | | १२,८२,०००.०० | |
| १५ | विविध पूर्वाधार विकास कार्यक्रम | नेपाल बिधुत प्राधिकरण हेटौडा | | २,१९,३३३.०० | २,१९,३३३.०० |
| १६ | बिद्युत बिस्तार स्तरिकरण | नेपाल विद्युत प्राधिकरण | | २०,००,०००.०० | २०,००,०००.०० |
| | जम्मा | | | १,१७,१३,२४९ | २३१९३३३ |

| पेश्की | २३,१९,३३३ |
|---|---|

४३ **मोविलाइजेशन पेश्की**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (५) मा उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग विल वा अन्य विल विजकबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । BRMMK/NCB/CGKMS/02/2081.082 घुमाउने किसेडी मच्छेबास सडक निर्माणको लागि जे .ए.वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि २०८१।९।२१ मा २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लागत अनुमान रु १९९८८१२६। रही रु ११२४६७६७। मा सम्झौता भएकोमा हालसम्म वित्तीय प्रगति शुन्य रहेको छ । जे .ए.वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लिलाई दिएको रु ९८१५७३। पेश्की फस्र्योट हुन बाँकी रहेको देखिन्छ । सम्झौताको म्याद समाप्त भइसक्दा समेत फस्र्योट हुन बाँकी रहेको म्याद नाघेको पेश्की फस्र्योट हुनुपर्ने रु

| पेश्की | ९,८१,५७३ |
|---|---|

४४ **परामर्श खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९.१(क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । विभागिय जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यक्रम मात्र परामर्शदाताबाट गराउनुपर्नेमा पालिकाले यस बर्ष रु. ४६८९५०। परामर्श खरिदमा खर्च गरेको छ ।

| सि.नं. | परामर्शदाताको नाम | कामको विवरण | भुक्तानी रकम | डि पी आर अनुसार योजनाको लागत |
|---|---|---|---|---|
| १ | Krishna Engineering and Design Consultancy p Ltd | Detailed Design and cost estimate Report of Kogate Khola Epa irrigation project | ४६८९५० | २९४९९००० |

परामर्श सेवाको खरीद गत विगत वर्षदेखि हुदै आएको र यो वर्ष परामर्श सम्बन्धी कार्य कार्यालय एवं विभागीय जनशक्तिबाट गराउनुपर्नेमा बाह्य परामर्शदाताबाट गराउनु उचित देखिएन ।साथै डि पी आर गरिएका योजनाको कार्यान्वयन सुनिश्चित गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **प्रदेश पूँजीगत**

**किसेडी मच्छेबास सडक निर्माण-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा निजसँगको सम्झौता अन्त्य गरी विभिन्न कारवाही गर्न सकिने र दफा ६३ मा कालो सूचीमा राख्न लेखि पठाउनुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तर्गत निम्न निर्माण व्यवसायीले सम्झौता बमोजिम गर्नुपर्ने कार्यको म्याद समाप्त भएको लामो अवधी सम्म पनि निर्माण कार्य सम्पन्न नगरी काम अधुरो नै रहेको देखिन्छ ।यस BRMMK/NCB/CGKMS/02/2081.082 घुमाउने किसेडी मच्छेबास सडक निर्माणको लागि जे .ए.वि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि २०८१।९।२१ मा २०८२।२।३० भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा लागत अनुमान रु १९९८८१२६। रही रु ११२४६७६७। मा सम्झौता भएकोमा हालसम्म वित्तीय प्रगति शुन्य रहेको छ । सम्झौता अनुसार कार्य सम्पन्न गर्ने म्याद समाप्त भइसकेको एवं म्याद थप समेत भएको देखिँएन । निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम काम सम्पन्न गर्नुपर्ने मिति समाप्त भै सक्दा समेत विविध कारण उल्लेख गरी निर्माणकार्यमा शुन्य प्रगति भएको र काम अधुरो नै छाडेको देखियो । नियममा व्यवस्था भएबमोजिम आवश्यक कारवाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६ **१५ वेड अस्पताल निर्माण**

१५ वेड अस्पताल निर्माणBRMMK/NCB/CPCH/07/2078-079 सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ तथा नियमावली,२०६४ को नियम १२०(१) मा कावु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद संझौताको अवधि नबढाई नहुने भएमा संझौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ । पालिकाको १५ वेड अस्पताल निर्माण कार्यको लागि सम्झौता भएको ३६ महिना भित्र सम्पन्न गर्ने गरी रविना नव शिर्जनशिल जे.भि.संग २०७८।११।१६ मा सम्झौता भएको छ । रु १२६१९२७५७.२६ मा निर्माण सम्झौता भएकोमा गो भौ नं १५।२०८२।३।१५ आठौ रनिङ् बिलसम्म मूल्य समायोजन पि एस र मुअकर समेत रु ८०९७१४२८। भुक्तानी भएको छ । सम्झौता अनुरुपको म्याद समाप्त भएता पनि ६४.१६ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ । पछिल्लोपटक २०८३।१।८ सम्म म्याद थप भएको छ । उक्त निर्माण व्यवसायीसँग रु २२११०००० पेश्की दिएकोमा आठौं रनिङ बिलसम्म रु १२४१५११२ फर्स्यौट भई रु ९६४८०८। बाँकी रहेको देखिन्छ । पटक पटक म्याद थप भएपनि सम्पन्न नभई अधुरो रहेका छन् । प्राविधिक पुष्ट्याई र ठोस आधारमा मात्र म्याद थप गर्नुपर्ने र निर्धारित समायावधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

४७ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न १९२ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ८०३४७८११। भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा देहाय बमोजिम रहेका छन् ।

- उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीमार्फत कार्य गराएको,

- उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेकोमा जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको,
- उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन,
- यो वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको एज बिल्ट नक्सा पेश गरेको देखिएन,
- पालिकाले उपभोक्ता समितिसँग कार्य गराउँदा सम्झौतामा नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा आयोजनाको प्रगति विवरण राख्नुपर्ने ,र त्यसको लेखापरीक्षण गराउनुपर्ने,उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्ने, आयोजानाको आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नुपर्ने लगायतको शर्तको व्यवस्था गरेको देखिन्छ । तर उक्त शर्तहरुको पालना गराउने र सोको अनुगमन गर्ने कार्य भएको छैन ।

उपभोक्ता समितिमार्फत गरिएका कार्यहरुमा उल्लेखित अवस्थामा सुधार गरी गुणस्तर सुनिश्चित गर्नुपर्दछ ।

४७.१ **अधुरो निर्माण कार्य–** कार्यालयले गैरीगाउँ गोठ डाँडा सडक स्तरोन्नती कार्यको लागि कार्यालयको अंश रु ७,७६,०००। र उपभोक्ता समितिको रु.१,०१,११०।८६ समेत रु.८,७७,११०।८६ लागत अनुमान तयार गरी नालीको जग खन्ने कार्य ६० घनमिटर, जगमा ढुंगा छाप्ने कार्य १५ घनमिटर, पि.सि.सी एम १५ को अनुपातमा ढलान गर्ने कार्य ८ घनमिटर, १:४ को अनुपातमा ढुङ्गाको गाह्रो लगाउने कार्य २७ घनमिटर, सडक कटिङमा नरम माटो कटिङ ६०८.५५ घनमिटर, नरम चट्टान कटिङ्ग ८३२.७६ र कडा चट्टान कटिङ्ग १६७.०६ घनमिटर कार्य गर्ने गरी गैरीगाउँ गोठ डाँडा सडक स्तरीकरण उपभोक्ता समितिसँग मिति २०८१।०८।१६ मा मिति २०८२।१।३१ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भई निर्माण कार्य भएकोमा सम्झौता अवधि भित्र कार्य सम्पन्न नभएकोले वडा नम्बर ५ का वडाध्यक्षबाट मिति २०८२।२।१५ सम्म म्याद थप गरिदिन सिफारिस भए बमोजिम प्रमुख प्रशासकिय अधिकृतबाट म्याद थप भएको देखियो। प्राविधिक नापि तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार उक्त उपभोक्ता समितिले नरम माटो कटिङ ३१४.९७ घनमिटर, नरम चट्टान कटिङ्ग ४२५.९७ र कडा चट्टान कटिङ्ग ४३.१७ घनमिटर समेत रु.१,६४,८५०.८८ को मात्र कार्य गरी गोश्वारा भौचर नम्बर २६४-२०८२।३।२५ बाट रु.१,४५,८४८। भुक्तानी लिएकोमा १८.७९ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। कार्यालयले तोके बमोजिमको कार्य समयमा नै सम्पन्न नगर्ने उपभोक्ता समितिलाई सचेत समेत गरेको देखिएन। खरीद सम्झौतामा उल्लेखित कार्य शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७.२ **सिन्किखाडल खर्क लेक सडक –** कार्यालयले सिन्किखाडल खर्क लेक सडक निर्माण कार्यको लागि कार्यालयको अंश रु.९,७०,०००। र उपभोक्ता समितिको रु.१,७०,८९३ समेत रु.११,४०,८९३। लागत अनुमान तयार गरी सडक कटिङमा नरम माटो कटिङ ३५७१.४३ घनमिटर, नरम चट्टान कटिङ्ग १४९१.३ घनमिटर र कडा चट्टान कटिङ्ग ६२.७८ घनमिटर नाला खन्ने कार्य २५.७३ घनमिटर लगायतका कार्य गर्ने गरी सिन्किखाडल खर्क लेक सडक उपभोक्ता समितिसँग मिति २०८१।११।५ मा मिति २०८२।३।१० सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भई निर्माण कार्य भएकोमा सम्झौता अवधि भित्र तोकिए बमोजिमको कार्य सम्पन्न सम्पन्न नगरी प्राविधिक नापजाँच अनुसार रु.६,१७,७४७। को मात्र कार्य प्रमाणीत भई गोश्वारा भौचर नम्बर २०५-२०८२।३।२५ बाट रु.५,२५,२१५। भुक्तानी भएको छ। जस अनुसार ५४.१५ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखिन्छ। कार्यालयले तोके बमोजिमको कार्य समयमा नै सम्पन्न नगर्ने उपभोक्ता समितिलाई सचेत समेत गरेको देखिएन। खरीद सम्झौतामा उल्लेखित कार्य शर्त अनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७.३ **नर्म्सको प्रयोग -** कार्यालयले भवन सम्बन्धि संरचना निर्माणमा भवन विभागबाट स्वीकृत नर्म्स र सडक निर्माणमा सडक विभागबाट स्वीकृत नर्म्स प्रयोग गरी निर्माण कार्यको दर विश्लेषण गरेको छ। कार्यालयले सिँढी बाटो निर्माण कार्यमा सडक विभागको नर्म्स अनुसार ढुङ्गा सोलिङ कार्य प्रति घनमिटर रु.५०१२।– का दरले भुक्तानी गरेको छ। सोही कार्यको लागि भवन विभागबाट स्वीकृत नर्म्स अनुसार १ घन मिटर सोलिङ कार्यको लागि रु.२८११।६ लाग्ने दखिन्छ। पालिकाले उक्त कार्यमा सडक विभागको नम्स प्रयोग गर्दा देहाय बमोजिम बढी खर्च भएको छ । नम्स प्रयोग गर्दा खर्चमा मितव्ययी हुने नम्स प्रयोग गर्नुपर्दछ ।

| गोश्वारा भौचर नम्बर | उपभोक्ता समितिको नाम | लागत अनुमान | भुक्तानी रकम | कार्य परिमाण | भुक्तानी दर | भवन विभागको नर्म्स अनुसार | फरक | मितव्ययी हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १४२-२०८ २।३।३ | भैसीटार सिंढी बाटो नि.उ.स | २७३२९३ | २४२५०० | १२.६३ | ५०१२।४ | २८११।६ | २२०१।४ | २७८०४ |
| १५३-२०८ २।३।७ | लिम्बुखोरीया सिढीँ नि.उ.स | ३२८२८४ | २६००६२ | १८.२९ | ५०१२.१२ | २८११।६ | २२०१।४। | ४०२६४ |
| १७६-२०८ २।३।२० | भदौरे बालमैत्री खुड्किलो बाटो निर्माण उ.स | ३३४९९६ | २७३६८२ | १२.६ | ५०१२.१२ | २८११।६ | २२०१।४ | २७७३८ |

सैद्धान्तिक बेरुजु

४७.४ **खन्ने पुर्ने कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ उपनियम १ को खण्ड ख बमोजिम प्राविधिक नापजाँच पश्चात नापि कितावमा भएको वास्तविक कार्यसम्पादन परिमाणका आधारमा मात्र खर्च तथा भुक्तानी गर्ने उल्लेख छ। नमुना छनौट गरी कार्यालयले सञ्चालन गरेका खानेपानी योजनाहरुको नापि लुज सिट परीक्षण गर्दा निम्न योजनाहरुमा विभिन्न साइज र मूल्यका ४१९० मीटर पाइप खरिद भएकोमा १५४० मिटर पाइप मात्र खन्ने पुर्ने कार्य भई रु.१,८५,४७३। मूल्य बराबरको २६५० मिटर पाइप योजनामा जडान भई खन्ने पुर्ने गरेको देखिएन। सो सम्बन्धमा प्राविधिक शाखासँग जानकारी माग गर्दा योजनामा पाइप जडान गरेतापनि लाभग्राहीले तोके बमोजिमको कार्य नगरेको, चट्टान भएको स्थानमा खन्ने पुर्ने कार्य समावेश नगरिएको र खेतियोग्य जमिन भएको स्थानमा कृषकको खेतीबाली पुरिने हुदाँ असारमा खन्ने पुर्ने कार्य पूर्ण हुन नसकेको भनाई रहेको छ। योजनामा प्रयोग भएका पाइपहरुको गुणस्तर कायम गर्न, पाइपको चोरी, आगलागी लगायतका सम्भावित जोखिमहरु न्यूनिकरण गर्न नर्म्समा व्यवस्था भए बमोजिम खन्ने र पुर्ने कार्य सम्पन्न गर्नुपर्दछ।

| **गो.भौ.नं. मिति** | **योजनाको नाम** | **पाइप प्रकार** | **खरिद मिटर** | **योजनामा जडान परिमाण** | **खन्न एवं पुर्न बाँकी पाइप** |
|---|---|---|---|---|---|
| १४१-२०८२।३।३ | सिस्नु खोला खानेपानी निर्माण उ.स | एच डि.पि पाइप | ८०० | २८० | ५२० |
| १५१-२०८२।३। ११ | स्यार्से खानेपानी निर्माण उपभोक्ता समिति | एच डि.पि पाइप | १३९० | ५६० | ८३० |
| १६२-२०८२।३। १८ | फाप्लाङबेसी खानेपानी मर्मत उ.स | एच डि.पि पाइप | २००० | ७०० | १३०० |
| | | | ४१९० | १५४० | २६५० |

सैद्धान्तिक बेरुजु

४७.५ **म्याद थप-** कार्यालयले उपभोक्ता समितिहरुसँग गरेका सम्झौताको शर्तमा उपभोक्ता समितिबाट गरिने निर्माण कार्यहरुमा म्याद थप गर्ने सम्बन्धि प्रावधान समावेश गरेको छैन। कार्यालयले उपभोक्ता समितिहरुसँग भएका अधिकाँश योजनाहरुमा उपभोक्ता समितिले तोकेको म्याद भित्र कार्य सम्पन्न नगरेको कारण म्याद थप गरेको देखियो । उपभोक्ता समितिले म्याद थपको लागि पेश गरेको निवेदनमा समयमा कार्य सम्पन्न हुन नसक्नुको कारण उल्लेख गरेको देखिदैन। यसबाट उपभोक्ता समितिले योजनाको सम्झौता गरी सम्झौता अवधिसम्म कार्य नगरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले समयमै कार्य सम्पादन गर्नुपर्दछ । उपभोक्ता समितिसँगको सम्झौतामा म्याद थप गरेको सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| उपभोक्ताको नाम | लागत अनुमान | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| रानीपोखरी संरक्षण तथा मन्दिर निर्माण उ.स | ५४४४१३ | २०८१।१२।११ | २०८२।२।३१ | २०८२।७।२० | |
| खेतियोग्य जमिनमा सिचाई कार्यक्रम धार्के फाँट | ११२६३४९ | २०८२।१।१५ | २०८२।३।१० | २०८२।६।१० | आ.ब २०८१।८२ मा रु.६१५०७९। भुक्तानी |
| डिस्पोजल पिट निर्माण घण्टेखोला उ.स | २३२४२८ | २०८२।१।१९ | २०८२।३।१० | २०८२।४।२० | |
| छ्योर्देन परिसर पूर्वाधार निर्माण उ.स | ८६६३७८ | २०८२।१।२१ | २०८२।३।१० | २०८२।६।३० | |

सैद्धान्तिक बेरुजु

४७.६ **सोलिघोप्टे बेसारघारी पहिरो नियन्त्रण-** कार्यालयले सोलिघोप्टे बेसारघारी पहिरो नियन्त्रण कार्यको लागि आ.ब २०८१।८२ मा ढुङ्गाको मूल्य रु.१२४३ मू.अ.कर सहित दर विश्लेषण गरेको छ। उपभोक्ता समितिलाई गो.भौ.नं. १६०-२०८२।३।१८ बाट भुक्तानी गर्दा संलग्न ढुङ्गाको बिल परिक्षण गर्दा उपभोक्ता समितिले शिव ओम सप्लायर्सबाट ढुङ्गा ११० घनमिटर रु.१२४३। प्रति घनमिटरको दरले रु.१३६७३०। मा खरिद गरेको छ। कार्यालयले सोलिघोप्टे बेसारघारी पहिरो नियन्त्रण उपभोक्ता समितिलाई भुक्तानी दिन तयार गरेको कार्य सम्पन्न प्रतिवेदन अनुसार १२०.४५ घनमिटरको भुक्तानी गरेको छ। उपभोक्ता समितिले ११० घनमिटर ढुङ्गा खरिद गरेको अवस्थामा १०.४५ घनमिटरको बढी भुक्तानी भएको रु.१२९९०।मू.अ.कर समेत अध्यक्ष सन्त बहादुर प्रजा रहेको उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १२,९९० |
|---|---|

४७.७ **नर्म्सको प्रयोग-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले भवन तथा सोको पर्खाल निर्माण कार्यका लागि भवन विभागबाट स्वीकृत नर्म्स बमोजिम दर विश्लेषण गरेको छ। गोश्वारा भौचर नम्बर १८८-२०८२।३।२२ कार्यालयले श्री प्राथमिक विद्यालय आपँचौर प्रा.वि भवन स्वारा भीमफेदी ८ लाई रु.६८०२९२। भुक्तानी गर्दा निर्माण कार्यको आइटम नम्बर ३ ढुङ्गा सोलिङ कार्यको लागि भवन तर्फको नर्म्स बमोजिम प्रति घनमिटर रु.२८११।६ राखी भुक्तानी गर्नुपर्नेमा रु.५०१२।४ राखी भुक्तानी गरेकोले ५.७८ घनमिटर कार्यमा रु.१२७२१। बढी व्ययभार परेको छ। नम्स प्रयोग गर्दा खर्चमा मितव्ययी हुने नम्स प्रयोग गर्नुपर्दछ ।

४७.८ **ढुङ्गाको गाह्रो-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च लेख्नुअघि संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। गोश्वारा भौचर नम्बर १८८-२०८२।३।२२ कार्यालयले श्री प्राथमिक विद्यालय आपँचौर प्रा.वि तटबन्धन निर्माण कार्यको नापी किताब अनुसार ढुङ्गाको गाह्रो लगाउने कार्य ७१.३४ घनमिटर भएको देखिन्छ। उक्त गाह्रोमा कार्यालयले ११० एमएम डाय को एच.डि.पि पाइप १.३२ घनमिटर प्रयोग गरेकोमा गाह्रोको आयतनबाट पाइपको आयत नघटाई रु.८७५२।४ को दरले भुक्तानी गरेकोले बढी भुक्तानी भएको १.३२ घ.मिको रु.११,५५३। असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ११,५५३ |
|---|---|

४७.९ **श्री उर्ग्येन याङ्फेल लिङ्ग बौद्ध गुम्बा -** कार्यालयले श्री उर्ग्येन याङ्फेल लिङ्ग बौद्ध गुम्बाको ट्रस निर्माण तथा इन्टरलक कार्यका लागि इट्टाको गाह्रो लगाउने कार्यमा प्रति घनमिटर ५३० इट्टा लाग्ने भनी दर विश्लेषण गरेको छ। कार्यालयले उक्त उपभोक्ता समितिलाई गो.भौ.नं. १७४-२०८२।३।१८ बाट रु.८,७१,०२० भुक्तानी गरेकोमा सोसँग संलग्न इट्टा बिल परिक्षण गर्दा उपभोक्ता समितिले पञ्चकन्या निर्माण सेवाबाट प्रति पिस रु.१७।४ को दरले ८१०० पिस इट्टा रु.१४०९५६।मा खरिद गरेको देखियो। प्राविधिक नापि तथा विल अनुसार १६.९३ घनमिटर गाह्रोमा ८९७३ इट्टा लाग्ने देखिन्छ। उपभोक्ता समितिले नर्म्समा उल्लेखित परिमाण भन्दा ९७३ ईट्टा कम खरिद गरेकोले बढि भुक्तानी भएको प्रति इट्टा रु.१७।४ का दरले रु.१६,९३०। अध्यक्ष कर्ण बहादुर पाख्रिन रहेको उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १६,९३० |
|---|---|

४७.१०

**आनुपातिक कट्टी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको जनसहभागिताको अंशकट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले गोश्वारा भौचर नम्बर १५५-२०८२।३।१७ बाट कान्तिलोकपथ मालगाउँस्वारा लापोकल सडक निर्माण तथा स्तरिकरण उ.ससँगको सम्झौता अनुसार जम्मा लागत अनुमान रु ६८२०४९.७ रहेकोमा जनश्रमदानको अंश रु १०००४९.७ अर्थात १४.६६ प्रतिशत उपभोक्ताको योगदान रहने उल्लेख भएकोमा देहाय अनुसार प्राविधिक विल अनुसार भएको जम्मा कार्यबाट उपभोक्ता समितिको जनसहभागिताको अंश कट्टा गरी भुक्तानी गर्नुपर्नेमा सो नगरी भुक्तानी गरेकोले रु.२६,०१२। बढी भुक्तानी गरेको छ। बढी भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्ने रु.

| गो.भौ.नं.मिति | उपभोक्ता समितिको नाम | उपभोक्ता समितिका | | कार्यालयले व्यहोर्ने अंश | कार्यसम्पन्न प्रतिवेदन अनुसारको जम्मा रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्षको नाम | सचिवको नाम | | | | | |
| १५५-२०८२।३।१७ | कान्तिलोकपथ मालगाउँस्वारा लापोकल सडक निर्माण तथा स्तरिकरण उ.स | हिमाल बहादुर घलान | राजकुमार स्याङ्तान | ५८२००० | ५७६८९३ | ४९२२६९ | ५१८२८१ | २६०१२ |

| असुल गर्नुपर्ने | २६,०१२ |
|---|---|

४८ **कन्टिन्जेन्सी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले रु १२३४९९२। कन्टिन्जेन्सी खर्च गरेको उल्लेख गरेकोमा योजनागत खर्चको विवरण तयार गरेको छैन । तोकिए बमोजिम खर्चको विवरण तयार गरेर सीमाभित्र रहेर मात्र खर्च गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार कुल विद्यालय संख्या ४५ वटा , शिक्षक दरबन्दी २१६ रहेकोमा शिक्षक पदपूर्ति पनि पूर्ण रहि विद्यार्थी संख्या ३२८१ रहेको उल्लेख गरेको छ। उक्त विवरण अनुसार शिक्षक विद्यार्थी अनुपात १:१५ देखिन्छ। शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ।पालिका अन्तर्गत देहायका ४५ विद्यालयक शिक्षक विद्यार्थी अनुपात देहाय अनुसार रहेको छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | | | जम्मा शिक्षक | जम्मा विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | स्थायी | करार | राहत | दरबन्दी | | |
| १ | राकस देवी प्रावि खानीडाँडा | ० | ० | १ | १ | ६ | १:०६ |
| २ | देउराली प्रावि ईपा | ० | ० | २ | २ | १३ | १:०७ |
| ३ | जलेश्वरी प्रावि चन्द्राम | ० | ० | १ | १ | १५ | १:१५ |
| ४ | काली देवी प्रावि धार्के | २ | ० | ० | २ | १९ | १:१० |
| ५ | बाघ भैरव प्रावि महाभिर | १ | ० | २ | ३ | १६ | १:०५ |
| ६ | नटारम्भेश्वर प्रावि महादेवटार | २ | ० | १ | ३ | ३६ | १:१२ |
| ७ | प्रावि गंगटे | १ | ० | १ | २ | १७ | १:०९ |
| ८ | प्रावि आँपचौर | ० | ० | २ | २ | २६ | १:१३ |
| ९ | पंचकन्या मावि उखुबारी | ७ | १ | ५ | १३ | १२१ | १:०९ |
| १० | सिद्धकाली प्रावि बाह्रघरे | २ | ० | ० | २ | ९ | १:०५ |
| ११ | हिमालय प्रावि बिलाउनेदमार | १ | ० | ० | १ | ८ | १:०८ |
| १२ | पंचकन्या प्रावि धाराचौर | २ | ० | ० | २ | ३३ | १:१७ |
| १३ | मावि कोगटे | ४ | ० | ७ | ११ | १३५ | १:१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | बटुक भैरव प्रावि गढी | २ | ० | ० | २ | ३८ | १:१९ |
| १५ | मण्डला देवी प्रावि माण्डु | ३ | ० | ० | ३ | १८ | १:०६ |
| १६ | महेन्द्र मावि भीमफेदी | १५ | ० | ० | १५ | ३८७ | १:२६ |
| १७ | महेन्द्र सरस्वती आवि धोर्सिङ | ४ | ० | ४ | ८ | ८६ | १:११ |
| १८ | जलेश्वर प्रावि खोल्मुडाडा | २ | ० | ० | २ | ११ | १:०६ |
| १९ | गोरखनाथ प्रावि ज्यामिरे | २ | ० | ० | २ | ८ | १:०४ |
| २० | बाराही आवि दमार | ५ | ० | १ | ६ | ६९ | १:१२ |
| २१ | महालक्ष्मी मावि सुपिङ | ९ | ० | ३ | १२ | १२६ | १:११ |
| २२ | सातकन्या प्रावि सोलाभ | १ | ० | १ | २ | २७ | १:१४ |
| २३ | बाराही मावि निबुवाटार | ७ | ० | ६ | १३ | ३६३ | १:२८ |
| २४ | सरस्वती प्रावि थानसिंह | ० | ० | १ | १ | ७ | १:०७ |
| २५ | महाकाली आवि ईक्चुङ | ३ | ० | ४ | ७ | १३५ | १:१९ |
| २६ | लेख पान्द्राङ प्रावि | २ | ० | २ | ४ | ५८ | १:१५ |
| २७ | काली देवी प्रावि चिलाउने | २ | ० | ० | २ | २२ | १:११ |
| २८ | बाघभैरव प्रावि आँपचौर | २ | ० | ० | २ | २६ | १:१३ |
| २९ | कृष्ण मावि भैंसे | १२ | ० | ५ | १७ | ३६३ | १:२१ |
| ३० | कालिका प्रावि कालिकाटार | २ | ० | ० | २ | १४ | १:०७ |
| ३१ | लक्ष्मी प्रावि किटिनि | ३ | ० | ० | ३ | २१ | १:०७ |
| ३२ | बिष्णु प्रावि चुनीया | ३ | ० | ० | ३ | ३६ | १:१२ |
| ३३ | पोखरी प्रावि पोखरी | १ | ० | २ | ३ | ३३ | १:११ |
| ३४ | शिशु जागृती प्रावि रिङ्गे | २ | ० | १ | ३ | १७ | १:०६ |
| ३५ | जनता आवि सालघारी | ५ | ० | ३ | ८ | १२३ | १:१५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३६ | राष्ट्रिय मावि सानुटार | १० | ० | ४ | १४ | २५६ | १:१८ |
| ३७ | दिपक प्रावि किसेडी | ५ | ० | १ | ६ | १६८ | १:२८ |
| ३८ | सुर्य प्रावि नयागाउँ | २ | ० | ० | २ | २० | १:१० |
| ३९ | बासुकी आवि नामटार | ५ | ० | ४ | ९ | १०० | १:११ |
| ४० | लेकाली बसिफाँट मावि नामटार | ८ | ० | ४ | १२ | २५३ | १:२१ |
| ४१ | बालजागृती प्रावि सिम्ले | १ | ० | ० | १ | ५ | १:०५ |
| ४२ | महिला जागृती प्रावि खाडेधार | १ | ० | ० | १ | ११ | १:११ |
| ४३ | पदम ज्योती प्रावि मनहरी | १ | ० | ० | १ | ९ | १:०९ |
| ४४ | भावना प्रावि महाभिर | १ | ० | ० | १ | ९ | १:०९ |
| ४५ | नमुना प्रावि खर्कलेक | १ | १ | ० | २ | ८ | १:०४ |
| जम्मा | | १४६ | २ | ६८ | २१६ | ३२८१ | १:१५ |

प्राप्त विवरण अनुसार पालिकाको शिक्षक विद्यार्थी अनुपात १:०४ देखि १:२८ सम्म रहेको देखिन्छ ।समग्रमा शिक्षक बिद्यार्थी अनुपात १:१५ रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका विषयलाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभ्ने तथा शिक्षक दरबन्दी मिलान गरी सरकारी खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनुपर्ने एवं पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **एस.ई ई परीक्षा नतिजा**

शैक्षिक सत्र २०८१/८२ मा यसपालिका अन्तर्गतका सामुदायिका तथा निजी विद्यालयको एस.ई.ई परीक्षामा यस पालिकाबाट ८ माध्यमिक विद्यालयका जम्मा २०९ विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था निम्न बमोजिम रहेको देखिन्छ।

| क्र.सं. | विद्यालयको नाम | सहभागी संख्या | ग्रेडेड | नन् ग्रेडेड | ग्रेडेड % |
|---|---|---|---|---|---|
| १. | पंचकन्या मावि उखुबारी | १८ | ६ | १२ | ३३.३३ |
| २. | मावि कोगटे मेलटार | ८ | ० | ८ | ० |
| ३. | महेन्द्र मावि भीमफेदी | ३८ | २० | १८ | ५२.६३ |
| ४. | महालक्ष्मी मावि सुपिङ | १४ | ५ | ९ | ३५.७१ |
| ५. | बाराही मावि निबुवाटार | ३४ | ८ | २६ | २३.५२ |
| ६. | कृष्ण मावि भैसै | ४६ | १० | ३६ | २१.७३ |
| ७. | राष्ट्रिय मावि सानुटार | २९ | १० | १९ | ३४.४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | लेकाली बसिफाँट मावि नामटार | २२ | १६ | ६ | ७२.७२ |
| कुल जम्मा | | २०९ | ७५ | १३४ | ३५.८८ |

समग्रमा ३५.८८ प्रतिशतमात्र ग्रेडेड रहेको देखिँदा सफलता दर कमजोर रहेकोमा यसमा सुधार गर्न पहलकदमी लिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५१ तोकिएको भन्दा बढी बालविकास सहजकर्ता

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ तथा प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा विद्यार्थी संख्या र वालविकास सहजकर्ता अनुपात नमिलाई वाल विकास सहजकर्ता कार्यरतका आधारमा पारिश्रमिक संघ सशर्तबाट रु १००००।- र पालिकाबाट रु.५०००।- समेत रु.१५०००।- दरले वढी कार्यरत ५ जनाको रु.१०२५०००।- भूक्तानी भएकोले नियम सम्मत नदेखिएको रु.

| क्र.सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | वढी संख्या | रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | पञ्चकन्या माध्यमिक विद्यालय उखुवारी | १४ | १ | २ | १ | २०५००० |
| २ | माध्यिक विद्यालय कोगटे | ७ | १ | २ | १ | २०५००० |
| ३ | काली देवी प्रा वि चिलाउने | ९ | १ | २ | १ | २०५००० |
| ४ | राष्ट्रिय मावि सानुटार | ३६ | २ | ३ | १ | २०५००० |
| ५ | दिपक प्रा वि किसेडी | १६ | १ | २ | १ | २०५००० |
| | जम्मा | | | | | १०२५००० |

| अनियमित भएको | १०,२५,००० |
|---|---|

## ५२ दिवा खाजा

भीम फेदी गाँउपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२ को क्रियाकलाष नं ३.१.२ मा विद्यालय खाजा वापत (कक्षा ६-८) सम्मका विद्यार्थीलाई प्रतिविद्यार्थी रु. १५ का दरले दिवाखाजा बापत १८० दिन नवढ्ने गरी दिवा खाजा उपलव्ध गराउने उल्लेख छ। स्रेस्ता परीक्षण गर्दा निम्न विद्यालयको निकासा अनुदान बढी देखिएकोले उक्त रकम असुल गरी स्थानीय संञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि नं | विद्यालयको नाम | विद्यार्थी संख्या | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | वढी निकासा |
|---|---|---|---|---|---|
| १ | बासुकी आ वि नामटानर | ४० | १०८००० | १३१३७० | २३३७० |

| असुल गर्नुपर्ने | २३,३७० |
|---|---|

## ५३ खेलकुद कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख

छ। कार्यालयले पालिका अन्तर्गतका ८ माध्यामिक विद्यालयहरुमा सञ्चालित राष्ट्रपति रनिङसिल खेलकुद कार्यक्रममा अन्तरविद्यालयगत तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम सञ्चालन बापत रु.७८४२३५।-खर्च लेखेको छ।गाउँपालिकाले खेलकुद सम्बन्धि नर्म्स तयार गरी सहभागि खेलाडी संख्या, कोच तथा सोसंग सम्बन्धित आवश्यक पदाधिकारीहरुको संख्या निर्धारण गरी सो सँग सम्बन्धित खर्चलाई मितव्ययी तरिकाले व्यवस्थित गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५४ विद्यालयको अनुगमन नियमन व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ्।

सैद्धान्तिक बेरुजु

## ५५ पकेट कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्वयन म्यानुअलको परिच्छेद ४ मा पकेट क्षेत्र निर्माणका लागि अनुसुची ८ बमोजिमको मापदण्डको आधारमा मुल्याङ्कन गरी प्राविधिक समितिले दिएको प्रतिवेदन बमोजिम स्थानीय तहले वाली वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी पकेट विकास कार्यक्रम संचालन गर्न स्वीकृत दिने व्यवस्था गरेको छ।पालिकाले देहाय अनुसार लागत सहभागितमा आधारित अनुदान वितरण गरेको छ।

| कृषि समुह /सहकारी | व्यहोरा | कार्यसम्पन्न रकम | पालिकाले व्यहोर्ने रकम | लाभग्राहिले व्यहोर्ने रकम | लागत सहभागीता |
|---|---|---|---|---|---|
| सुनौलो अभियान कृषि तथा दुग्ध उत्पादक कृषक समुह | आलुको विउ तथा विषादी वितरण | ३०३५९० | १५१७९५ | १५१७९५ | ५०,००% |
| सम्झना कृषि सहकारी संस्था/ गोठडाँडा कृषक समुह | अदुवाको विउ तथा विषादी वितरण | ६०७५०० | ३०३७५० | ३०३७५० | ५०,००% |

कृषकहरुको खेतियोग्य जमिनको क्षेत्रफल निर्धारण गरी प्रति वर्गमिटरको लागि आवश्यक विउको मात्रा निर्धारण गरेको छैन ।कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन।पालिकाले वितरित वाली तथा वस्तुले उत्पादनमा पारेको प्रगति, सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गरेको पाइएन। उक्त पकेट क्षेत्र तथा प्रवर्द्धन कार्यको अनुगमन गरी जिविकोपार्जनमा सुधार भएको,उक्त कार्यक्रममा रकम खर्च भएको रकमको उद्धेश्य मुताविक कार्य सम्पादन भए/नभएको यकिन गरी अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ५६ कोदो खेती प्रोत्साहन

भीमफेदी गाँउपालिकाको आ.ब २०८१।०८२ को कृषि कार्यक्रम संञ्चालन सम्बन्धी निर्देशिका २०८१ को बुदाँ नं २ मा रैथाने बाली खेती प्रोत्साहनको लागी नगद अनुदान दिने व्यवस्था गरेको छ।यस कार्यक्रममा कृषक तथा कृषि फर्म लाई खेती गरीएको क्षेत्रफलमा प्रति २ रोपनी वा २ रोपनी भन्दा माथी कोदो खेती गरेमा अनुदान दिने उल्लेख छ। पालिकाले यस वर्ष गो भौ नं १९९- १०।३० बाट लाभग्राहीलाई नगद अनुदान स्वरुप ४२३ लाभग्रीलाई रु.३२०८२०८ अनुदान खर्च लेखि लाभग्राहीको खातामा भुक्तानी गरेको छ।विगतमा यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति वितरण गरिएको थियो यसको कुनै विवरण अद्यावधिक गरेको छैन । अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी गणना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५७ **पशु प्रबर्द्धन कार्यक्रम**

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण पशुपन्छि तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधी २०८१ को परिच्छेद ४ को बुदाँ नं १० अनुसार पशुको आनुवंशिक स्रोत संरक्षण तथा उत्पादनको प्रवर्द्धन गर्न स्थानीय आवश्यकताको आधारमा विभिन्न कृषक समुह सहकारी संस्था मार्फत लक्षित वर्गको पहिचान गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ।पालिकाले यस वर्ष पालिका पूजीँगत तथा प्रदेश सरकारको सशर्त अनुदान वाट ३३ गाई तथा ७ भैसी तथा १९ बाख्रा खरिद गरी ५० प्रतिशत लागत सहभागितामा वितरण गरेको छ।

| गो भौ नं /मिती | विवरण | स्रोत | अनुदान प्राप्त गर्ने संस्था | कुल लागत | किसानको योगदान | पालिकाको योगदान |
|---|---|---|---|---|---|---|
| २३५-०३।२५, २३४-०३।२५,र २६-०३।२३ | ३३ गाई | पालिका पूजिगत / प्रदेश चालु शिर्षक | कालिका दुग्ध उत्पादक सहकारी संस्था, र अन्य कृपक | 2640000 | 1320000 | 1320000 |
| २२८- ०३।२५ र २५-०३।२३ | ७ भैँसी खरिद तथा २ गोठ सुधार | पालिका पूजिगत / प्रदेश चालु शिर्षक | भैँसे एकिकृत कृषि सहकारी संस्था/ दिपासा पशुपंक्षी तथा कृषि फर्म | 866618 | 433309 | 433309 |
| २४-०३।२३ | १९ बाख्रा र १ खोर निर्माण | प्रदेश चालु शिर्षक | विपी कृषि तथा पशुपंक्षी फार्म | 597496 | 298748 | 298748 |
| जम्मा | | | | 4104114 | 2052057 | 2052057 |

कृषि अनुदान कार्यक्रममा सबै कृषकको सामान पहुँचका लागि लाभान्वित किसानहरुको नामनामेसि सहित तिनिहरुलाई प्रदान गरिएका कृषि वस्तु तथा सामाग्रीको सबैको व्यवस्थित अभिलेख अद्यावधिक गरि राख्नुपर्ने एवं कार्यक्रमको उपादेयता सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ३ वटा वडामा ३ वटा योजना सञ्चालन गरी यस वर्ष २६ जनालाई औषत ६८.९७ दिनले १७९४ दिन रोजगारी उपलव्ध गराई रु.१२६२४९०।–श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९ **सोधभर्ना**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ को बुदाँ नं ४१ मा प्रविधी हस्तान्तरण सम्बन्धी प्रकृया अनुसार प्रविधी हस्तान्तरण गर्दा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबांट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा वीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले गो भौ नं १५१-०३।२५ बाट रु.१३५३१७ भुक्तानी दिएको छ। प्रविधी हस्तान्तरण अन्तर्गत टनेल प्लाष्टिक कटिङ

मेसिन ग्रीन नेट जस्ता सामाग्री खरिद गरी वितरण गरकोमा सो सामाग्री खरिद वापत उद्यमीले व्यहोर्ने २० प्रतिशतले हुन आउने रकम रु.२७०६३ संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २७,०६३ |
|---|---|

६० **सामाजिक सुरक्षा तथा संरक्षण**

सामाजिक सुरक्षा वितरण कार्यविधी २०७७ मा प्रत्येक वर्ष भाद्र महिनाभित्र वडा समितिको सिफारिसमा वडा कार्यालयले लाभग्राहीहरुको नामावली नवीकरण गरी पालिकाबाट प्रमाणित गरी लाभग्रही अद्यावधिक गर्दै सोही लाभग्राहीलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था रहेको छ। पालिकालाई यस वर्ष सामाजिक सुरक्षातर्फ रु.९ करोड ४२ लाख ५५ हजार बजेट विनियोजन भएकोमा रु.९ करोड ३६ लाख ९७ हजार खर्च भएको रु.२ लाख ४५ हजार फिर्ता भएको देखिन्छ। पालिकाले सफ्टवेयरवाट लाभग्राहीहरुको वडा कार्यालयमा दर्ता नवीकरण गरेता पनि पालिकाबाट प्रमाणित गरी मूल अभिलेख राखेको देखिएन लगत अद्यावधिक कार्य व्यवस्थित गर्दै बैङ्कले वितरण नगरी बाँकी रहेको तथा लगत कट्टा गरी फिर्ता गर्नुपर्ने देखिएको रकमका सम्बन्धमा यकिन गरी फिर्ता गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

# अनुगमन लेखापरीक्षण

६१

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयको २०८२ सम्मको बाँकी बेरुजु रु.६३५५२३०४। रहेको छ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **भीमफेदी गाउँपालिका, मकवानपुर** को २०८२ सम्मको फस्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अध्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | ६३५५२३०४ | ० | ६६९६३३७ | ० | ७०२४८६४१ |

# अनुसूचीहरू

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भीमफेदी गाउँपालिका, मकवानपुर , मकवानपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | केशवराज पार्धे | २०८०-९-२४ | २०८१-४-१२ |
| कार्यालय प्रमुख | जीवन कुँवर | २०८१-०५-०५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लेखा अधिकृत श्री करुणा रिसाल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५५९,०१७ | १,०२५,००० | १,८११,४१४ | ० | ० | ३,३००,९०६ |
| | | | | **जम्मा बेरुजु रकम** | ६,६९६,३३७ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १,१८३,०४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २२६१८३९६२.२९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३५५३७०९०८ | चालु खर्च | ३१७४६०१९७.०४ |
| प्रदेश सरकारबाट अनुदान | ४५७५६३९५ | पूँजीगत खर्च | २६३२५३४४३.९१ |
| राजश्व बाँडफाँट | ११७९४४६६२.३८ | वित्तीय/अन्य व्यवस्था | १७२८१५७११.४३ |
| आन्तरिक आय | १२६४४४६०.४७ | | |
| अन्य आय | १९८२२९९३१.४४ | | |
| कुल आय | ७२९९४६३५७.२९ | कुल खर्च | ७५३५२९३५२.३८ |
| बाँकी मौज्दात | | २०२६००९६७.२ | |

अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | संगठनात्मक व्यवस्था (दरबन्दी र पदपूर्ति) | सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष |
| २ | तालिम र कार्यक्रम खर्च | खर्च परीक्षण |
| ३ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ४ | रकमान्तर तथा अवण्डा | योजना तर्जुमा, बजेट तथा कार्यक्रम |
| ५ | DPR खर्च | खरिद व्यवस्थापन |
| ६ | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च |
| ७ | शिक्षा तर्फ | शिक्षातर्फ |
| ८ | अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने। | उपभोक्ता समिति मार्फत कार्य |
| ९ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| १० | कण्टिन्जेन्सी खर्च | खर्च परीक्षण |
| ११ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| १२ | खरिद व्यवस्थापन | ठेक्का व्यवस्थापन |
| १३ | पदाधिकारी सुविधा | खर्च परीक्षण |
| १४ | विविध खर्च | अन्य विषयहरू |
| १५ | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम) | अनुदान |
| १६ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षातर्फ |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | २३,४०,२३,८१९.०५ | ०.०० | २३,४०,२३,८१९.०५ | ८,९९,९५,८७५.६९ | ०.०० | ८,९९,९५,८७५.६९ |
| १३००० | अनुदान | | ३२,२९,३०,२४२.७५ | ०.०० | ३२,२९,३०,२४२.७५ | ३५,३५,७७,३५३.५० | ०.०० | ३५,३५,७७,३५३.५० |
| १४००० | अन्य राजस्व | | २,४६,६५,७९३.७७ | ०.०० | २,४६,६५,७९३.७७ | ३,८९,१४,०५६.५३ | ०.०० | ३,८९,१४,०५६.५३ |
| १५००० | विविध प्राप्ति | | ८२,६८०.०० | ०.०० | ८२,६८०.०० | ४,६८,२००.०० | ०.०० | ४,६८,२००.०० |
| क | **कुल जम्मा प्राप्ति** | | ५८,१७,०२,५३५.५७ | | ५८,१७,०२,५३५.५७ | ४८,२९,५५,४८५.७२ | | ४८,२९,५५,४८५.७२ |
| ३ | चालु | | ३०,६७,६०,१९७.०४ | ०.०० | ३०,६७,६०,१९७.०४ | ३०,६३,७६,४९४.९३ | ०.०० | ३०,६३,७६,४९४.९३ |
| २१००० | पारिश्रमिक / सुविधा | | ४,५७,९६,८८४.८० | ०.०० | ४,५७,९६,८८४.८० | १९,८१,२९,३९०.२० | ०.०० | १९,८१,२९,३९०.२० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,८९,३५,४०३.२९ | ०.०० | ६,८९,३५,४०३.२९ | ७,२१,६१,९७०.७६ | ०.०० | ७,२१,६१,९७०.७६ |
| २५००० | सहायता (Subsidy) | | ५०,०००.०० | ०.०० | ५०,०००.०० | ६,२३,५३१.०० | ०.०० | ६,२३,५३१.०० |
| २६००० | अनुदान | | १८,४७,९१,१६५.७५ | ०.०० | १८,४७,९१,१६५.७५ | ३,१२,६४,०९२.९७ | ०.०० | ३,१२,६४,०९२.९७ |
| २७००० | सामाजिक सुरक्षा | | २,१०,०००.०० | ०.०० | २,१०,०००.०० | ३३,५२,८००.०० | ०.०० | ३३,५२,८००.०० |
| २८००० | अन्य खर्च | | ६९,७६,७४३.२० | ०.०० | ६९,७६,७४३.२० | ८,४४,७१०.०० | ०.०० | ८,४४,७१०.०० |
| ४ | पूंजीगत | | २०,२७,७७,१२१.९१ | ०.०० | २०,२७,७७,१२१.९१ | २१,२९,५३,४८८.४५ | ०.०० | २१,२९,५३,४८८.४५ |
| ३१११० | भवन तथा संरचना | | २,५७,४३,९५७.०० | ०.०० | २,५७,४३,९५७.०० | ३३,६०,३४३.०० | ०.०० | ३३,६०,३४३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३८,४७,५९१.०० | ०.०० | ३८,४७,५९१.०० | १,५७,११,१२७.०० | ०.०० | १,५७,११,१२७.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १७,८१,६४०.०० | ०.०० | १७,८१,६४०.०० | २३,६८,८०६.०० | ०.०० | २३,६८,८०६.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११५० | सार्वजनिक निर्माण | | १७,०८,०७,१५०.९१ | ०.०० | १७,०८,०७,१५०.९१ | १८,९५,८६,२८८.४५ | ०.०० | १८,९५,८६,२८८.४५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ५,९६,७८३.०० | ०.०० | ५,९६,७८३.०० | १७,२८,५३०.०० | ०.०० | १७,२८,५३०.०० |
| ३१२२० | मौज्दात सामानहरु | | ०.०० | ०.०० | ०.०० | १,९८,३९४.०० | ०.०० | १,९८,३९४.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५०,९५,३७,३१८.९५ | | ५०,९५,३७,३१८.९५ | ५१,९३,२९,९८३.३८ | | ५१,९३,२९,९८३.३८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | ७,२१,६५,२१६.६२ | | ७,२१,६५,२१६.६२ | (३,६३,७४,४९७.६६) | | (३,६३,७४,४९७.६६) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (२१,१३,७३७.००) | | (२१,१३,७३७.००) | (१७,५२,०५,७६६.५९) | | (१७,५२,०५,७६६.५९) |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | (१४,७८,९६१.००) | | (१४,७८,९६१.००) | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ७,००,५१,४७९.६२ | | ७,००,५१,४७९.६२ | (२१,१५,८०,२६४.२५) | | (२१,१५,८०,२६४.२५) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | १२,६५,४९,४८७.५९ | | १२,६५,४९,४८७.५९ | ३३,८१,२९,७५१.८४ | | ३३,८१,२९,७५१.८४ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | १९,६६,००,९६७.२१ | | १९,६६,००,९६७.२१ | १२,६५,४९,४८७.५९ | | १२,६५,४९,४८७.५९ |